# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक १५१ | काठमाडौं | सोमबार, ०५ असोज २०८३ | Prabhab National Daily | Monday, 21 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।–



पर्यटन प्रवर्द्धन गरौं

* नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
* कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
* स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
* पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
* पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
* पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुयाऔं,
* सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

**पर्यटक हाम्रा पाहुँना हुन, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# मलेसिया रोजगारीमा ‘सिण्डिकेट’को छाया


■ **ममता थापा**

**काठमाडौं–** श्रमिक भर्ना प्रक्रियामा एकाधिकारको प्रयासले मलेसिया रोजगारी संकटमा पर्ने देखिएको छ । गत अगस्ट २१ मा मलेसियाको विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)मा सीमित व्यवसायीलाई मात्र पहुँच दिइएपछि अधिकांश व्यवसायीहरू यसको विरोधमा छन् ।

सबै व्यवसायी उक्त मुलुकको श्रमिक भर्ना प्रक्रियामा सहभागी हुन नपाए मलेसियामा श्रमिक पठाउन बन्द गर्ने अन्य व्यवसायीको अडान छ । अर्कोतर्फ नेपाल सरकारले मलेसियासँग केही व्यवसायीलाई मात्र व्यवसाय गर्न दिने प्रावधान हाम्रो कानुनविपरीत भएकाले यो व्यवस्था मान्य नहुने बताउँदै आएको छ । तर मलेसिया पक्ष पनि आफ्नो निर्णयबाट पछि हट्ने नदेखिँदा उक्त मुलुकको रोजगारी के हुने हो भन्ने चिन्ता बढेको छ ।

मलेसिया नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो । पछिल्लो १० आर्थिक वर्ष (२०७३/७४ देखि २०८२/८३)सम्म नेपालबाट ६० लाख ७३ हजार ६७० जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको देखिन्छ ।


क्रमशः पृष्ठ २ मा


## ‘सिण्डिकेट’ प्रकरणको समयरेखा

**२०८३ भदौ ५ (२०२६ अगस्ट २१)**
- मलेसियाको मानव संसाधन मन्त्रालयले विदेशी कामदार केन्द्रीय व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)मार्फत १० श्रम स्रोत देशका लागि अधिकृत भर्ना संस्थाको सूची सार्वजनिक
- उक्त सूचीमा नेपालका २५ वटा भर्ना कम्पनीलाई ‘मुख्य भर्ना एजेन्सी’ का रूपमा समावेश

**भदौ ६ (अगस्ट २२)**
- नेपालको युवा, श्रम तथा रोजगार मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत मलेसियालाई कूटनीतिक नोट पठाउँदै विद्यमान भर्ना प्रणाली यथावत् राख्न आग्रह

**भदौ ७ (अगस्ट २३)**
- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पत्रकार सम्मेलन । सिण्डिकेट नहटाए मलेसिया रोजगारी बन्द गर्ने चेतावनी । एफडब्ल्युसिएमएसमा सूचीकृत २५ व्यवसायीमाथि कारबाही गर्न सरकारलाई दबाब ।

**भदौ ८ (अगस्ट २४)**
- युवा, श्रम तथा रोजगार मन्त्रालयमा २५ व्यवसायीलाई बोलाएर छलफल । एफडब्ल्युसिएमएस प्रणालीमा रहेर काम नगर्ने २५ व्यवसायीको प्रतिबद्धता ।

**भदौ ९ (अगस्ट २५)**
- एफडब्ल्युसिएमएस प्रणालीभित्र समावेश २५ मध्ये १५ संस्थाले उक्त प्रणालीभित्र रहेर काम नगर्ने भन्दै श्रम मन्त्रालयमा लिखित प्रतिबद्धता बुझाए
- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले सिण्डिकेटविरूद्धको खबरदारी भेला एवं हस्ताक्षर संकलन कार्यक्रम आयोजना
- एफडब्ल्युसिएमएस प्रणालीभित्र परेका तीन व्यवसायीलाई प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको कारबाही, साधारण सदस्यसमेत नरहनेगरी निष्कासन

**भदौ १० (अगस्ट २६)**
- २५ म्यानपावर कम्पनीमाथि कारबाही सुरू । वैदेशिक रोजगार विभागको श्रम स्वीकृति प्रणालीमा मलेसियाको पूर्वस्वीकृति ‘ब्लक’ ।

**भदौ ११ (अगस्ट २८)**
- नेपाल, बंगलादेश, म्यानमार र पाकिस्तानका छाता संगठनले मलेसियाको एफडब्ल्युसिएमएसविरूद्ध एक ठाउँमा उभिने प्रतिबद्धता


क्रमशः पृष्ठ २ मा


## सूचीकृत व्यवसायी नै रोजगारी बन्द हुने चिन्तामा

त्यसो त एफडब्ल्युसिएमएसबाट बाहिर राखिएका व्यवसायीलाई मात्र नभएर उक्त प्रणालीमा सूचीकृत व्यवसायी पनि पछिल्लो समय भएका विरोधका कार्यक्रम र सरकारले अघि बढाएको कारबाहीको प्रक्रियाबाट त्रसित देखिन्छन् । यस प्रणलीको सर्वत्र विरोध भइरहँदा मलेसियाको रोजगारी नै बन्द भए के गर्ने भन्ने चिन्ताले ‘सिण्डिकेटधारी’को आरोप लागेका २५ व्यवसायीलाई पनि सताएको छ ।

मलेसियाको एफडब्ल्युसिएमएसमा सूचीकृत २५ मध्येका एक व्यवसायीले यदि मलेसिया रोजगारी बन्द भए त्यसको जिम्मेवार को हुने भन्दै प्रश्न गरेका छन् । नाम नखुलाउने सर्तमा ती व्यवसायीले मलेसिया नेपालीहरूको मुख्य रोजगार गन्तव्य भएकाले यदि मलेसियाले श्रमिक भर्ना रोके त्यसले अर्को क्षति पुऱ्याउने बताए । आफूहरूलाई मलेसियाले नै उक्त प्रणालीमा सूचीकृत गराएकाले सो व्यवस्थालाई सबैले स्वीकार्नपर्ने उनले प्रभावसँग बताए । ‘मलेसियाको रोजगारी कुनै हालतमा बन्द हुनुहुँदैन । मेरो इच्छाले त्यो सिस्टममा परेको होइन । मलेसियाले नै हामीलाई छानेको हो ।


क्रमशः पृष्ठ २ मा


## कूटनीतिक पहलमा सरकार

मलेसियाले ल्याउन खोजेको हालको प्रणाली नेपालको कानुनविपरीत भएकाले यो विषय टुंग्याउन मलेसियासँग निरन्तर संवाद गरिरहेको युवा, श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ । मन्त्रालयले हाम्रो कानुनमा ‘प्रिन्सिपल’ र ‘सपोर्टिङ’ एजेन्सी राख्ने प्रावधान नभएको भन्ने लाइनबाट संवाद गरिरहे पनि मलेसियाले भने आफ्नो अडान नछोडेको बुझिएको छ । यसर्थ समस्याको समाधानका लागि संयुक्त प्राविधिक बैठक (जेडब्ल्युसी) मार्फत वार्ता गर्न आवश्यक पहल भइरहेको मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले बताइन् ।

‘हाम्रो कानुनले प्रिन्सिपल र एसोसिएट एजेन्सीको परिकल्पना गर्दैन । मलेसियासँग हाम्रो द्विपक्षीय सम्बन्ध र श्रम कूटनीति जोडिएकाले हाम्रो कानुनअनुसार उपयुक्त हुने मान्यता स्वीकार गरिदिनु भनिरहेकै छौं,’ उनले भनिन्, ‘मूलरूपमाचाहिँ हाम्रो जेडब्ल्युसी भन्ने स्थापित संयन्त्रमार्फत द्विपक्षीय वार्ता गरेर समस्याको समाधान गर्नका लागि पररष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल भइरहेको छ ।’

हाल सूचीकृत २७५ व्यवसायीले मलेसियाको पूर्वस्वीकृति लिन पाएका छैनन् । विभागले भदौ ३१ गते पत्राचार गर्दै २५ व्यवसायीलाई पछिल्लो पाँच आर्थिक वर्षको सम्पूर्ण विवरण माग गरेको छ । मन्त्रालयले थप अध्ययनका लागि २०७० सालयता मलेसिया गएका श्रमिकको विवरण माग गरेको बुझिएको छ ।



सबैलाई बराबरी मलेसियाको रोजगारी गर्न दिइयोस् भन्ने सरकार र व्यवसायीको कुरा जायजै छ । हाम्रो कानुनले पनि त्यही भन्छ । ग्यापचाहिँ कहाँ देखिएको छ भने हामी एकतर्फीरूपमा प्रतिक्रियात्मक हुँदा गन्तव्य देशले अर्को ढंगले निर्णय गर्न सक्छ । पहिला पनि त्यस्तै भएर मलेसिया बन्द भएको थियो । त्यसैले सरकार सचेत भएर द्विपक्षीय रूपमा यो विषय टुंग्याउन आवश्यक छ ।

■ **सोमप्रसाद लुइटेल**
श्रमविद्

# कांग्रेसको वडा अधिवेशनः ९१ प्रतिशत वडामा टुंगियो

## देउवाको वडामा सकिँदा शेखरकोमा बाँकी



सम्बन्धित सबैमा प्रस्ट होस् कि यो महाधिवेशनको कुनै पनि प्रक्रियामा मेरो सहभागिता छैन । रहने छैन । अब यदि कुनै चमत्कार भएन भने नेपाली कांग्रेस पार्टी विभाजनको अन्तिम डिलमा पुगेको अवस्था छ ।

■ **पूर्णबहादुर खड्का**
पूर्वउपसभापति

असोज ३ गतेबाट सुरू भएको वडा अधिवेशन दोस्रो दिन असोज ४ गते पनि वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन हुनुभएको छ । रसुवा, नुवाकोट र धादिङ जिल्लाबाहेक सप्तरी छुट भएका सम्पूर्ण वडाको वडा अधिवेशन असोज ५ गते सोमबार पनि जारी रहने छ ।

■ **राजु कटुवाल**
सदस्यसचिव, निर्वाचन समिति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनको जग मानिएको वडा अधिवेशन अधिकांश स्थानमा उत्साहप्रदरूपमा सकिएको छ । कांग्रेस निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालका अनुसार शनिबार र आइतबार गरी देशभरका छ हजार १३२ वडामा वडा अधिवेशन सम्पन्न भएको हो ।

दुई दिनमा ७३ जिल्लाका ती वडाहरूमा अधिवेशन भएको र बाँकी क्षेत्रमा आज पनि अधिवेशन जारी रहने कटुवालले बताए । ‘असोज ३ गतेबाट सुरु भएको वडा अधिवेशन दोस्रो दिन असोज ४ गते पनि वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन हुनुभएको छ । रसुवा, नुवाकोट र धादिङ जिल्लाबाहेक सप्तरी छुट भएका सम्पूर्ण वडा अधिवेशनलगायतको वडा अधिवेशन असोज ५ गते सोमबार पनि जारी रहने छ,’ सदस्यसचिव कटुवालले भने ।

देशभर छ हजार ७४३ वडा रहेकोमा कांग्रेसले अब ६११ वडामामात्र अधिवेशन गर्न बाँकी छ । यो भनेको झण्डै ९१ प्रतिशत अधिवेशन सम्पन्न भएको हो । निर्वाचन समितिका अनुसार सप्तरी क्षेत्र नं. २ र ४, सिरहा, मोरङ क्षेत्र नं. ६, रौतहट क्षेत्र नं. १, सर्लाही क्षेत्र नं. २ र परासी क्षेत्र नं. २ मा पर्ने वडामा अधिवेशन हुन बाँकी छ ।

भोटेकोशी बाढीले प्रभावित रसुवा, नुवाकोट र धादिङमा भने अधिवेशनको मिति तोकिएको छैन । कांग्रेसको १५औं महाधिवेशन असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुँदै छ ।

### कहाँ-कहाँ भयो वडा अधिवेशन ?

ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, झापा, मोरङ (क्षेत्र नं. ६ बाहेक), सुनसरीमा वडा अधिवेशन सम्पन्न भएको छ । मोरङ क्षेत्र ६ कांग्रेस नेता डा. शेखर कोइराला र सहमहामन्त्री डिला संग्रौलाको हो । शेखर कसैलाई बाहिर राखेर हुने कुनै महाधिवेशनमा सहभागी नहुने भनेर तटस्थ छन् ।


क्रमशः पृष्ठ २ मा


एमालेमा किचलो

# ओलीले स्वीकारेनन् उमेर हद र दुई कार्यकालको प्रस्ताव

- ओलीले अस्वीकार गरे ७० वर्षे उमेर हद र दुई कार्यकालको प्रस्ताव
- ओलीको अडानप्रति एमाले नेताहरूले सचिवालय बैठकमै जनाए आपत्ति
- निर्वाचन पराजय र ओलीको भूमिकाको समीक्षा गर्नुपर्ने नेताहरूको माग
- कार्यदलको प्रतिवेदन ग्रहण गरेर केन्द्रीय कमिटीमा लैजाने सचिवालयको निर्णय



■ **जेबी योञ्जन**

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी नेतृत्वमा ७० वर्ष उमेर हद र दुई कार्यकालभन्दा बढी नेतृत्वमा बस्न नपाउनेगरी पुनर्गठन कार्यदलले अघि सारेको प्रस्ताव सीधै अस्वीकार गरेका छन् ।

आइतबार बसेको केन्द्रीय सचिवालय बैठकमा पार्टी पुनर्गठन कार्यदलले चार महिना लगाएर तयार पारेको प्रतिवेदन पेस गरेको थियो । प्रतिवेदनमा नेतृत्वको कार्यकाल र उमेर हदसम्बन्धी प्रस्तावसमेत समेटिएको थियो । तर ओलीले यस्तो प्रस्ताव मान्न नसकिने धारणा बैठकमै राखेको एक नेताले जानकारी दिए ।

‘यस्तो प्रस्तावमा अध्यक्षले नमान्ने र यस्तो हुँदैन भन्ने धारणा राख्नुभयो,’ ओलीको भनाइ उद्धृत गर्दै ती नेताले भने ।

कार्यदलले नेतृत्वसम्बन्धी प्रस्ताव राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकमा राख्ने र त्यसपछि विधान महाधिवेशनबाट निर्णय गर्ने गरी प्रतिवेदन तयार गरेको थियो । तर ओलीले प्रस्ताव अस्वीकार गरेपछि बैठकमा केही नेताले उनको अडानको प्रतिवाद गरेका थिए ।

उपाध्यक्ष पृथ्वी सुब्बा गुरुङ, रघुजी पन्त, गोकर्ण विष्ट, उपमहासचिव योगेश भट्टराई, रघुवीर महासेठ तथा सचिव राजन भट्टराईलगायत नेताले कार्यदलको सिफारिस अस्वीकार गर्ने ओलीको भनाइप्रति आपत्ति जनाएको बताइएको छ । ‘कार्यदलको सिफारिसलाई मान्दिनँ भन्ने कुरा यो विधि हो र ?,’ भन्दै नेताहरूले प्रश्न गरेका थिए ।

उनीहरूले निर्वाचनमा पार्टीले व्यहोरेको पराजय र असाधारण परिस्थितिको सही समीक्षा नगरी एमाले अघि बढ्न नसक्ने बताएका थिए । प्रमुख नेताका रूपमा ओलीले निर्वाह गरेको भूमिकाकोसमेत समीक्षा गर्नुपर्ने उनीहरूको भनाइ थियो ।

बैठकमा ओलीले पार्टी सुधारको माग गर्ने नेताहरूप्रति सार्वजनिकरूपमा प्रयोग गरेका अभिव्यक्तिको विषयसमेत उठेको थियो । विशेषगरी ‘किर्ना, आवारा, सडकछाप’ जस्ता शब्द प्रयोग गरेको भन्दै नेताहरूले असन्तुष्टि जनाएका थिए ।


क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## मलेसिया रोजगारीमा...

जसमध्ये नौ लाख ४१ हजार ४२० जना मलेसिया गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ, जुन कूल रोजगारीमा गएकामध्ये मलेसियालेमात्रै १५.५ प्रतिशत हिस्सा ओगटेको छ ।

यसबीचमा मलेसिया जाने श्रमिकबाट मेडिकल, भिसा सहजीकरण, बायोमेट्रिकलगायतका नाममा अतिरिक्त शुल्क लिन अन्त्य हुनुपर्ने भन्दै २०७५ जेठ १२ गतेबाट उक्त मुलुकको रोजगारी बन्द भएको थियो । तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले रोकेको श्रम स्वीकृति १५ महिनापछि खुल्यो । तर त्यसको केही समयपछि विश्वव्यापी कोरोना महामारीका कारण मलेसिया रोजगारी ठप्पजस्तै भयो । आ.व. २०७७/७८ मा त एक जना पनि संस्थागतरूपमा मलेसिया गएनन् ।

२०८१/८२ को केही समय मलेसियाले नै विदेशी श्रमिकको भर्ना प्रक्रिया रोकेको थियो । विभिन्न समयमा अवरुद्ध हुँदै-खुल्दै गरेको मलेसिया अहिले पनि नेपालीहरूको रोजाइको गन्तव्य हो । उक्त मुलुकमा सुरक्षा गार्ड, प्लान्टेसन, कन्स्ट्रक्सन लगायतका काममा ठूलो संख्यामा नेपाली श्रमिक जाँदै आएका छन् ।

करिब एक महिनायता सीमित व्यवसायीले मात्र मलेसियामा श्रमिक पठाउन पाउनेगरी मलेसियाले लागू गरेको एफडब्ल्युसिएमएस प्रणालीले उक्त मुलुकको रोजगारीमा प्रभावित हुने देखिन्छ । हाल करिब एक हजार १०० इजाजतपत्र प्राप्त संस्था वैदेशिक रोजगार व्यवसायमा सक्रिय छन् । तर एफडब्ल्युसिएमएसमा २५ वटा संस्थालाई 'प्रिन्सिपल एजेन्सी' र थप २५० संस्थालाई २५ संस्थाका 'सहायक एजेन्सी'को रूपमा काम गर्न दिने प्रणाली लागू गर्न खोजिएपछि बाँकी व्यवसायीहरू उक्त प्रणालीको प्रतिकारमा उत्रिएका छन् ।

एकाधिकारको विरुद्धमा आवाज उठाउँदै वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियामा सबै व्यवसायीले व्यवसाय गर्न नपाए उक्त मुलुकको रोजगारी बन्द गर्नुको विकल्प नभएको बताउँदै आएको छ । गत साता प्रभावसँग कुरा गर्दै संघका अध्यक्ष डिकबहादुर खत्रीले मलेसियाको रोजगारी सबै व्यवसायीका लागि नहुने भए सरकारले यसको विकल्पमा अन्य श्रम गन्तव्य खोज्नुपर्ने बताएका थिए ।

'श्रमिकहरू निर्वाधरूपमा मलेसियाको रोजगारीमा जान सम्भव नभए सूचीकृत संस्थाबाट मात्र श्रमिक पठाउनपर्छ भन्ने छैन । अन्य विकल्प खोजौं,' अध्यक्ष खत्रीको भनाइ छ, 'युरोपमा व्यक्तिगतरूपमा त्यत्रो श्रमिक गइरहेका छन् । हामीचाहिँ सिण्डिकेटलाई मानेर श्रमिकलाई आर्थिक भार पारेर मलेसियामै श्रमिक पठाउनपर्ने बाध्यता छैन ।'

### मलेसियाले रोजगारी बन्द गर्नेतर्फ सजग हुनुपर्छः श्रमविद्

मलेसिया रोजगारी सीमित व्यवसायीको हातमा पुगे स्वस्थ प्रतिस्पर्धाको अन्त्य हुने र श्रमिकको लागत पनि बढ्ने खतरा रहेको श्रमविद् सोमप्रसाद लुइँटेल बताउँछन् । हाल व्यवसायी र सरकारले चालिरहेको कदम जायजै भए पनि मलेसियाले अर्को निर्णय लिनसक्ने जोखिम पनि रहेको उनले औंल्याए । हालको विषयलाई कूटनीतिक माध्यमबाट टुंग्याउनु नै उपुक्त हुने लुइँटेलको भनाइ छ ।

'सबैलाई बराबरी मलेसियाको रोजगारी गर्न दिइयोस् भन्ने सरकार र व्यवसायीको कुरा जायजै छ । हाम्रो कानुनले पनि त्यही भन्छ,' उनले भने, 'ग्यापचाहिँ कहाँ देखिएको छ भने हामी एकतर्फीरूपमा प्रतिक्रियात्मक हुँदा गन्तव्य देशले अर्को ढंगले निर्णय गर्न सक्छ । पहिला पनि त्यस्तै भएर मलेसिया बन्द भएको थियो । त्यसैले सरकार सचेत भएर द्विपक्षीय रूपमा यो विषय टुंग्याउन आवश्यक छ ।' नेपालले संयुक्त प्राविधिक बैठक (जेडब्ल्युसी) बोलाउनका लागि कूटनीतिक पहल गरिरहेकाले सांवादमार्फत सल्टाउन उपयुक्त हुने उनको सुझाव छ । साथै, मलेसिया सरकारले एफडब्ल्युसिएमएसको सूची तयार पारेकाले सूचीकृत गरेकाले पहिला कूटनीतिक संवाद गरेरमात्र दोषी देखिए कारबाही गर्दा उचित हुने उनको भनाइ छ ।

■■■

### 'सिण्डिकेट' प्रकरणको समयरेखा

**भदौ १४ (अगस्ट ३०)**

- मलेसिया सरकारबाट स्वीकृत भएका २५ वटा संस्थाले मात्र एफडब्ल्युसिएमएसको काम गर्न पाउने भनेर मलेसियास्थित नेपाली दूतावासमार्फत जवाफ प्राप्त, पत्रमा एउटा प्रिन्सिल एजेन्सीले अधिकतम १० वटासम्म सहायक एजेन्सी राख्न पाउने उल्लेख

**भदौ २४ (सेप्टेम्बर ९)**

- एफडब्ल्युसिएमएसमा सूचीकृत नेपालका २५ व्यवसायीअन्तर्गत काम गर्न थप २५० व्यवसायीको सूची सार्वजनिक

**भदौ २५ (सेप्टेम्बर १०)**

- एफडब्ल्युसिएमएसमा सूचीकृत २५ संस्थाको स्थापना भएदेखि हालसम्मका सबै कारोबार अनुसन्धान गर्न र सहायक संस्थाका रूपमा सूचीकृत २५० व्यवसायीलाई स्पष्टीकरण सोध्न श्रम मन्त्रालयद्वारा वैदेशिक रोजगार विभागलाई निर्देशन
- सहायक संस्थाका रूपमा सूचीकृत २५० व्यवसायीलाई मलेसियाको पूर्वस्वीकृति 'ब्लक'

**भदौ ३० (सेप्टेम्बर १५)**

- श्रममन्त्री रामजी यादवले नेपालका लागि मलेसियाका कार्यवाहक राजदूत मोहम्मद फिरदौस अजमानसँगको भेटमा एफडब्ल्युसिएमएसमा सीमित व्यवसायीलाई मात्र स्वीकृति दिने कार्य स्वीकार्य नहुने जानकारी

**भदौ ३१ (सेप्टेम्बर १६)**

- २५ व्यवसायीलाई पछिल्लो पाँच आर्थिक वर्षको सम्पूर्ण विवरण बुझाउन वैदेशिक रोजगार विभागको पत्र

**असोज १ (सेप्टेम्बर १७)**

- श्रम मन्त्रालयले विभागसँग २०७० सालदेखि मलेसिया गएका श्रमिकको विवरण माग

## सूचीकृत व्यवसायी...

कुनै पनि मुलुकको सरकारले गर्ने निर्णय हाम्रो हातमा हुँदैन,' ती व्यवसायीले भने, 'मलेसियाले यही सिस्टम लागू हुन्छ भनेर पत्र नै पठाइसकेपछि त्यसलाई त विश्वास गर्न पर्ला नि ? उदाहरणका लागि अस्ट्रेलियाले डिपेण्डेण्ट लग्न नपाउने नियम ल्यायो । अब हामीले लग्नैपर्छ हुन्छ र ?'

■■■

## कांग्रेसको वडा...

कोइरालाको विराटनगर महानगरपालिका वडा नम्बर ७ हो भने संग्रौलाको वडा नम्बर ११ हो । सप्तरी (क्षेत्र नं. २ र ४ बाहेक), धनुषा, महोत्तरी, सर्लाही (क्षेत्र नं. २ बाहेक), रौतहट (क्षेत्र नं. १ बाहेक), बारा, पर्सा, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर, काठमाडौंमा पनि वडा अधिवेशन सम्पन्न भएको छ । शनिबार सिन्धुपाल्चोकको बलेफी गाउँपालिकामा भने देउवा समूहका नेताले दिनेश श्रेष्ठलाई कुटपिट गरेका छन् । कुटपिटबाट उनी सामान्य घाइते भएका छन् ।

गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी, वागलुङ, नवलपुर, परासी (क्षेत्र नं. २ बाहेक), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व), रोल्पा, प्युठान, दाङ, बाँके, वर्दिया, रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत, बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलालीमा पनि वडा अधिवेशन सम्पन्न भएको छ ।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाको नेतृत्वमा छुट्टै महाधिवेशन गर्न तयारी गरिरहेको पूर्वसभापति शेरबहादुर देउवा समूहका कमाण्डर देउवाका गृहवडामा पनि वडा अधिवेशन भएको छ । उनको जिल्ला डडेलधुराको गन्यापधुरा वडा नम्बर १ मा वडा अधिवेशन भए पनि वडा सभापति भने चयन भएको छैन । पालिकाको वडा नम्बर २ बाहेक सबैमा वडा अधिवेशन भएको छ ।

### खड्का ढल्किए देउवातिरै

कांग्रेस मिलाउन सक्रिय रहेको भनिएका पूर्वउपसभापति पूर्णबहादुर खड्का अधिवेशनको पूर्वसन्ध्यामा सभापति गगन थापातिर ढल्किएका छन् । खड्काले संस्थापन पक्षको अधिवेशनमा आफ्नो कतै सहभागिता नरहने बताएका छन् । 'सम्बन्धित सबैमा प्रस्ट होस् कि यो महाधिवेशनको कुनै पनि प्रक्रियामा मेरो सहभागिता छैन । रहने छैन,' खड्काले भनेका छन्, 'हाल सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा सभापति गगन थापाको नेतृत्वमा प्रारम्भ भएको कांग्रेसको महाधिवेशनमा भाग लिनु चरम अनैतिक काम हुने मेरो विश्वासको कारणले म महाधिवेशनमा सहभागी नभएको व्यहोरा सम्बन्धित सबैमा प्रस्ट पार्न चाहन्छु ।' कुनै चमात्कार भएमात्र कांग्रेस जुट्ने नभए कांग्रेस फुटिसकेको खड्काले दाबी गरेका छन् । 'अब यदि कुनै चमत्कार भएन भने नेपाली कांग्रेस पार्टी विभाजनको अन्तिम डिलमा पुगेको अवस्था छ । हामी सम्भावित पार्टी विभाजनलाई रोक्न अन्तिम प्रयास गरिरहेका छौं,' खड्काले भने ।

■■■

## ओलीले स्वीकारेनन्...

'तपाईं प्रमुख नेता भएर जुन भूमिका निर्वाह गर्नुभएको छ, तपाईंका जस्ता अभिव्यक्तिले के पार्टीलाई मर्यादित बनाएको छ ? पार्टीलाई बलियो बनाएको छ ?,' एक नेताले बैठकमा उठेको प्रश्न उद्धृत गर्दै भने, 'तपाईंले 'किर्ना, आवारा, सडकछाप' भन्ने ? पार्टी प्रमुखका यस्ता अभिव्यक्ति के शोभनीय हुन् ? यसले के पार्टी बलियो हुन्छ, स्वस्थ हुन्छ, पार्टीलाई एकताबद्ध गर्छ ?'

यद्यपि सचिवालय बैठकले पुनर्गठन कार्यदलको प्रतिवेदन ग्रहण गर्दै त्यसलाई केन्द्रीय कमिटी बैठकमा लैजाने निर्णय गरेको छ । उपमहासचिव लेखराज भट्टका अनुसार कार्यदलले तयार पारेको प्रतिवेदन सचिवालयले सर्वसम्मतरूपमा ग्रहण गरेको हो । 'आठौं सचिवालय बैठकले चार महिना लगाएर जुन प्रतिवेदन तयार गऱ्यो, त्यो सर्वसम्मतरूपमा बुझाउने काम भयो र सचिवालयले त्यसलाई ग्रहण गऱ्यो,' भट्टले भने ।

तर नेतृत्वसम्बन्धी मतभेद भएका विषय प्रतिवेदनबाट हटाइएको उनको दाबी छ । उनका अनुसार कार्यदलले सर्वसम्मतरूपमा पारित गरेका विषयमात्रै प्रतिवेदनमा राखिएको छ । सचिवालय बैठकअघि आइतबार नै पुनर्गठन कार्यदलको बैठक बसेको थियो । बैठकले विभिन्न चरणमा आएका मस्यौदा तथा सदस्यहरूले दिएका सुझाव समेटेर एकीकृत प्रतिवेदन तयार गरेको जनाएको छ ।

एमाले सचिव महेश बस्नेतले अध्यक्ष ओलीको राजीनामा माग्ने वा उनलाई हटाउने विषय अब नउठाउने सहमति भएको दाबी गरे । 'अब अध्यक्षको राजीनामा कहीँ-कतै नमाग्ने, अध्यक्षलाई हटाउने कुरा उल्लेख नगर्ने र अध्यक्षको आलोचना कसैले कहीँ-कतै नगर्ने सहमति भएको छ,' उनले भने । विशेष महाधिवेशन वा विशेष विधान अधिवेशन तत्काल नबोलाउने विषयमा पनि सहमति भएको बस्नेतले बताए । नियमित महाधिवेशनमा नेतृत्व परिवर्तन स्वाभाविक प्रक्रिया भएको भन्दै उनले विधान महाधिवेशनबाट विगतका निर्णयमाथि छलफल गरेर निष्कर्षमा पुग्न सकिने बताए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०८१/०८/२० मा दर्ता भएको **प्रा. लि. नं. ३५६६८१** को **आशिर्बाद ज्वेलरी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**MRP सम्बन्धी सूचना ।**

**यस कम्पनी कार्पेन्टर हार्डवयर्स प्रा. लि.ले आयात गर्ने सामानहरुको खुद्रा बिक्री मूल्य निम्न उल्लेखित हुने व्यहोरा जानकारी गराइन्छ ।**

| Particulars | MRP with VAT |
| --- | --- |
| BD3B-G3-Y | 265,000.00 |

**कार्पेन्टर हार्डवयर्स प्रा. लि.**
ज्ञानेश्वर, काठमाडौं ।
भ्याट नं-६१०१४६५७० फोन नं-०१४५२०२३४



**कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना**

**आरसीटी ल्याङ्वेज इन्स्टिच्यूट प्रा.लि.को मिति २०८३/०५/३० को निर्णयबाट कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (२) को (क) बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोही ऐनको दफा १२७ को उपदफा १ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाणसहित सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त मितिपछि प्राप्त दाबी विरोध उपर कुनै कारवाही नहुने व्यहोरो समेत जानकारी गराइन्छ ।**

लिक्वीडेटरः **रामप्रसाद गौतम**
ठेगानाः **अनामनगर, काठमाण्डौ । फोनः** ०१-४१०२७२०, ९८४१२५८११५



**सुराणा इण्टरप्राइजेज प्रा.लि.लाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०५४/१०/३० मा दर्ता भएको प्रा.लि.नं. ८०४३/०५४/०५५ रहेको **सुराणा इण्टरप्राइजेज प्रा.लि.** का.म.न.पा.-१०, काठमाडौंका शेयरधनीहरूको मिति २०८३/०३/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन २०६३ को दफा १२६ अनुसार कम्पनी खारेजी (लिक्वीडेसन) मा लैजाने प्रस्ताव पारित भएकोले कम्पनी ऐन २०६३ अन्तर्गत रही कम्पनीको खारेजी प्रकृया शुरु गरिएको छ। तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवम कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ। कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जाय जेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावि नगरिएमा पछि कसैको कुनै प्रकारको दावि नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ।

**लिक्वीडेटरको कार्यालय**
**लिक्वीडेटर : अधिवक्ता जयराम पराजुली (प्र.प.नं. ४५८), फोन नं. ९८५११४०३९३**
**ई-मेल : jayaram@lawyersofnepal.com, सुन्धारा, काठमाडौं ।**



**सरेश सर्भिस प्रा.लि.लाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७४/०२/१६ मा दर्ता भएको प्रा.लि.नं. १६८९१९/०७३/०७४ रहेको सरेश सर्भिस प्रा.लि. ल.पु.म.न.पा.-१३, ललितपुरका शेयरधनीहरूको मिति २०८३/०४/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन २०६३ को दफा १२६ अनुसार कम्पनी खारेजी (लिक्वीडेसन) मा लैजाने प्रस्ताव पारित भएकोले कम्पनी ऐन २०६३ अन्तर्गत रही कम्पनीको खारेजी प्रकृया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवम कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ । कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जाय जेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावि नगरिएमा पछि कसैको कुनै प्रकारको दावि नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**लिक्वीडेटर : अधिवक्ता जयराम पराजुली (प्र.प.नं. ४५८), फोन नं. ९८५११४०३९३**
**ई-मेल : jayaram@lawyersofnepal.com, सुन्धारा, काठमाडौं ।**



**प्रभु केबलकार एण्ड टुरिजम लिमिटेड**
**को**
**विशेष साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/०५**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र २६, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा सहभागी हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
**मिति** : असोज ११, २०८३ ।
**समय** : दिउसो १:०० बजे ।
**स्थान** : कम्पनीको शाखा कार्यालय, का.म.न.पा. वडा नं-३२, तिनकुने, काठमाडौं ।

**विशेष साधारण सभामा निर्णयको लागि प्रस्तुत हुने प्रस्तावहरू :-**
**क) विशेष प्रस्तावः**
१. कम्पनीको प्रबन्धपत्रको दफा ४. संसोधन गरि उद्देश्य थपघट गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ५. संसोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्रको दफा १२. र नियमावलीको नियम ३४. संसोधन गर्ने सम्बन्धमा ।
४. विविध ।

**विशेष साधारण सभा सम्बन्धी जानकारी :-**
१. वर्तमान समयमा बाढी पहिरोको कारण देशभर प्रभाव परेकोले देशभर विभिन्न ठाउँमा रहनु भएका शेयरधनी महानुभावहरूको सहजीकरणको लागि यस विशेष साधारण सभालाई पूर्णतया भर्चुअल माध्यमबाट गरिनेछ ।
२. विशेष साधारण सभामा भर्चुअल माध्यमबाट सहभागी हुन शेयरधनी महानुभावहरूले आफ्नो नाम, शेयरधनी नम्बर सहित सभा हुने ७ दिन अगावै Meeting Id र Password का लागि यस कम्पनीको कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । शेयरधनीहरूको पहिचान पश्चात् निजहरूलाई Link/ Meeting Id र Password उपलब्ध गराइनेछ ।
३. विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
४. विशेष साधारण सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
५. यस अघि प्रकाशित प्रथम पटकको सूचनामा राखिएको विशेष प्रस्तावहरूमा दोस्रो पटक प्रकाशित सूचनामा प्रस्ताव थप गरिएको छ ।

**आज्ञाले कम्पनी सचिव**
**प्रभु केबलकार एण्ड टुरिजम लिमिटेड**
**का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।**
**फो.नं.** 01-5904961/5904964


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०५ असोज, २०८३**

| | |
| --- | --- |
| **मेष** | सामाजिक कार्यमा सफलता मिल्नेछ । प्रेम तथा पारिवारिक सम्बन्ध राम्रो रहनेछ । |
| **वृष** | काममा नयाँ जिम्मेवारी आउन सक्छ । आर्थिक लाभको सम्भावना छ । |
| **मिथुन** | यात्रा तथा नयाँ कामका लागि दिन शुभ छ । अवसरको सदुपयोग गर्नुहोस् । |
| **कर्कट** | रोकिएका काम अघि बढ्नेछन् । आम्दानीका नयाँ स्रोत भेटिन सक्छन् । |
| **सिंह** | सिर्जनात्मक काममा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । |
| **कन्या** | परिश्रमले लक्ष्य प्राप्त गर्न सहयोग गर्नेछ । परिवारमा खुसीको वातावरण बन्नेछ । |
| **तुला** | मेहनतअनुसार काममा सफलता मिल्नेछ । आर्थिक पक्षमा सुधार आउनेछ । |
| **वृश्चिक** | नयाँ अवसर प्राप्त हुनेछ । परिवारको साथ र सहयोग मिल्नेछ । |
| **धनु** | काममा उत्साह बढ्नेछ । साथीभाइसँगको सम्बन्ध सुमधुर बन्नेछ । |
| **मकर** | अधुरा काम पूरा हुनेछन् । व्यापार तथा व्यवसायमा लाभ मिल्नेछ । |
| **कुम्भ** | आत्मविश्वास बढ्नेछ । नयाँ योजना बनाउन दिन राम्रो छ । |
| **मीन** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा नियन्त्रण गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
| --- | --- |
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
| --- | --- |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
| --- | --- |
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०५ असोज, २०८३ (२१ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
| --- | --- | --- | --- |
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.१० | १५३.७० |
| युरो | १ | १७५.८३ | १७६.५२ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.६९ | २०५.५० |
| स्विस फ्रैन्क | १ | १८५.६५ | १८६.३८ |
| अस्ट्रेलियन डलर | १ | १०९.०८ | १०९.५१ |
| क्यानाडियन डलर | १ | १०९.३७ | १०९.८० |
| सिङ्गापुर डलर | १ | ११९.८५ | १२०.३२ |
| जापानी येन | १० | ९.७० | ९.७३ |
| चिनियाँ युआन | १ | २२.८६ | २२.९५ |
| साउदी अरब रियाल | १ | ४०.७६ | ४०.९२ |
| कतारी रियाल | १ | ४१.९९ | ४२.१६ |
| थाई भाट | १ | ४.५९ | ४.६१ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६९ | ४१.८५ |
| मलेसियन रिङेट | १ | ३७.५२ | ३७.६७ |
| दक्षिण कोरियन वन | १०० | ११.०४ | ११.०९ |
| स्विडिस क्रोनर | १ | १५.५९ | १५.६५ |
| डेनिस क्रोनर | १ | २३.५२ | २३.६१ |
| हङकङ डलर | १ | १९.५१ | १९.५९ |
| कुवेती दिनार | १ | ४९८.१३ | ५००.०८ |
| बहराइन दिनार | १ | ४०६.११ | ४०७.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**ऐतिहासिक लुभु लाखेनाच प्रदर्शन** | ललितपुरको महालक्ष्मी नगरपालिका–८ लुभुमा लुभु धाँ खलको आयोजनामा ऐतिहासिक लुभु लाखेनाच प्रदर्शन गरिँदै । *तस्बिर: रासस*

# उपत्यकाका नौ स्थानीय तहको सहकार्यमा रात्रिकालीन बस सेवा विस्तार

## छ वटा रूटमा चल्न थाले ३० वटा बस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं उपत्यकामा रात्रिकालीन बस सेवा विस्तार गरिएको छ । संविधान दिवसको अवसर पारेर शनिबारदेखि छ वटा रुटमा ३० वटा बस सेवा सुरु गरिएको काठमाडौं महानगरपालिका (कामपा)ले जानकारी दिएको छ ।

कामपाको नेतृत्वमा उपत्यकाका नौ वटा स्थानीय तहको सहकार्यमा रात्रिकालीन बस सेवा विस्तार गरिएको हो । यसअघि कामपाले साझा यातायातसँग सहकार्य गरेर गत वैशाख १ गतेदेखि परीक्षणका रूपमा रात्रिकालीन यातायात सञ्चालनमा ल्याएको थियो ।

'काठमाडौं महानगरपालिकाको नेतृत्वमा साझा यातायातसँग सहकार्य गरेर वैशाख १ गतेबाट सुरु परीक्षणका रूपमा सञ्चालन गरिएको रात्रिकालीन यातायात सेवालाई विस्तार गरेर अगाडि बढाउन आवश्यकताका आधारमा दायित्व वहन गर्ने गरी स्थानीय तहहरू साझा कार्यक्रममा आबद्ध भएका हुन्,' कामपाले जनाएको छ ।

रातको समयमा आवतजावत गर्ने सर्वसाधारण, व्यवसायी, उद्यमी, श्रमिक, अस्पताल जाने बिरामी तथा आन्तरिक एवं बाह्य पर्यटकलाई सहज, सुरक्षित र भरपर्दो यातायात सेवा उपलब्ध गराउने यसको उद्देश्यसहित संविधान दिवसको दिन पारेर स्थानीय तहका प्रमुखहरूले साझा यातायातसँग समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । हस्ताक्षर गर्ने महानगरपालिका र नगरपालिकाहरूमा काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, बूढानीलकण्ठ नगरपालिका, गोदावरी नगरपालिका, चन्द्रागिरि नगरपालिका, कीर्तिपुर नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका, मध्यपुर थिमी नगरपालिका छन् । यसमा साझा यातायातकातर्फबाट अध्यक्ष शुशिलराज प्याकुरेलले हस्ताक्षर गरेका छन् ।

संविधान दिवसको अवसरमा पारेर साझा यातायातको कार्यालयमा आयोजना गरिएको समारोहमा हस्ताक्षर गरिएको हो । त्यसलगत्तै छ वटा रुटका लागि ३० वटा बस सञ्चालन थालिएको थियो । समारोहमा काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले संविधानले नागरिकका लागि प्रत्याभूत गरेका आधारभूत आवश्यकताको पहुँच बढाउँदै जाने क्रममा रात्रिकालीन बस सेवालाई थप विकास र विस्तार गर्दै लगिएको बताइन् । 'परीक्षणकालमा अभ्यास गरिएका दुई वटा रुटमा चार वटा थपेका छौं । सात वटा गाडीलाई ३० वटा पुऱ्याएका छौं । चार वटा नगरपालिकाको सहकार्यमा नौ वटा पुगेका छौं । यसलाई अझ विस्तार गर्ने र आवश्यकताका आधारमा आर्थिक दायित्व पनि वहन गर्ने गरी सहकार्य थालेका छौं । अब यो सेवा रोकिँदैन । निरन्तर चल्छ । दिगो चल्छ,' उनले भनिन् ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले उपत्यकाबासीको यातायात सहजताका लागि संघ सरकारबाट मेट्रो सञ्चालनका विषयमा योजना ल्याउनुपर्नेमा त्यो विषय अहिले आएको नदेखिएको बताए । 'मेट्रो नभएपछि बिआरटी (बस र्‍यापिड ट्रान्जिट) हुनुपर्थ्यो । त्यसको पनि केही संकेत छैन । संघबाट केही आएन भनेर हामीले चुप लाग्ने अवस्था छैन । यसकारण हामीले स्थानीयस्तरमा सञ्चालनमा ल्याउन सकिने प्रणालीमा सहकार्य थालेका छौं । यसलाई विकास र विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिनेछौं,' प्रमुख महर्जनले भने ।

रात्रिकालीन बस सञ्चालनमा लाग्ने खर्च यात्रुबाट प्राप्त हुने टिकट आम्दानीले धान्न नसकेमा त्यसबाट अपुग हुने रकमको ५० प्रतिशत सम्बन्धित सातवटा नगरपालिकाले समान रूपमा व्यहोर्ने भएका छन् । बाँकी ५० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको जनसंख्याका आधारमा व्यहोर्ने सहमति भएको छ । जसअनुसार काठमाडौं महानगरपालिकाले १८.५५ प्रतिशत, ललितपुर महानगरपालिकाले १८.५५ प्रतिशत तथा अन्य सात नगरपालिकाले नौ प्रतिशतका दरले व्यहोर्ने सहमति गरिएको कामपाले जानकारी दिएको छ । सेवा सञ्चालन गर्न खर्च नपुग भए साझा यातायातले त्रैमासिकरूपमा माग गर्ने सहमतिमा उल्लेख छ ।



### कुन रुटमा कति बस ?

| | |
|---|---|
| जगाती-सूर्यविनायक-ठमेल | ६ वटा |
| गोदावरी-लगनखेल-बूढानीलकण्ठ | ६ वटा |
| रिङरोड (घडीको दिशा र विपरीत दिशामा) | ८ वटा |
| कीर्तिपुर-जमल | ४ वटा |
| टाखेल-ठमेल | २ वटा |
| नागढुंगा-एयरपोर्ट | ४ वटा |

# भक्तपुर क्यान्सर अस्पतालमा पूर्वाधार अभावले उपचारमा समस्या

**काठमाडौं–** भक्तपुरस्थित भक्तपुर क्यान्सर अस्पतालमा शयचा अभावले बिरामी उपचार सेवा नपाई फर्कनु परेको छ । साँघुरो ठाउँमा अस्पताल सञ्चालन गर्नु परेकाले बिरामीलाई उपचार सेवा प्रवाह गर्न नसकेको अस्पतालले जनाएको छ ।

अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने बिरामीलाई शयचा अभावले फर्काउनु परेको अस्पतालका निर्देशक डा. उज्ज्वल चालिसेले जानकारी दिए । उनले अस्पतालमा उपचारका सबै सेवा भए पनि शयचा अभावले बिरामीको उपचार गर्न नसकिएको बताए ।

'हामीसँग क्यान्सरको उपचारको सेवा सबै उपलब्ध छ,' निर्देशक डा. चालिसेले भने, 'तर बिरामी राख्ने ठाउँ नभएर उपचार दिन सकेका छैनौं ।' उनका अनुसार अस्पतालले दैनिक ३० क्यान्सरका बिरामीलाई उपचार सेवा दिनुपर्ने भए पनि शयचा अभावले समस्या भएको छ । तीमध्ये भर्ना गरेर क्यान्सरको उपचार गर्नुपर्ने १५ जना र १५ जना डे-केयरमा क्यान्सरको बिरामी रहेका छन् ।

शल्यक्रिया र रेडियसन गर्न दुई हप्ता कुर्नुपर्ने बाध्यता रहेको छ । बिरामी उपचारका लागि कुर्नुपरेपछि महँगो उपचार गर्न निजी अस्पताल तथा भारत जान बाध्य भएका छन् । 'सेवा प्रभाव गर्ने क्षमता भए पनि हामीसँग पूर्वाधार छैन,' कार्यकारी निर्देशक डा. चालिसेले भने, 'पूर्वाधार अभावले हामीले गरिबी विपन्न बिरामीको उपचार गर्न नपाएर फर्काइरहेका छौं । ती बिरामीले ऋण खोजेर निजी तथा भारतका अस्पतालमा उपचार गर्न जान बाध्य छन् ।'

अस्पतालमा क्यान्सर उपचारका लागि ९० प्रतिशत सुविधा भए पनि बिरामीलाई शयचा अभावले अयन्त्र पठाउनुपर्ने बाध्यता छ । नेपाल अर्बुद रोग निवारण संघले सञ्चालन गर्दै आएको उक्त अस्पताल २०७७ सालमा सरकारले विकास समितिअन्तर्गत ल्याएर सरकारी बनाएको हो । अहिले भक्तपुर अस्पतालको जग्गामा संघ बनाएको भौतिक पूर्वाधारमा अस्पतालले सञ्चालन भइरहेको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. चालिसले सरकारसँग पटक-पटक आग्रह गरेर अन्यत्र सारेर अस्पतालको क्षमता बढाउन माग गरे पनि सुनुवाइ नभएको बताए । 'सरकारले हामीलाई उपयुक्त ठाउँमा जग्गा उपलब्ध गराएर भवन बनाइदिएपछि दैनिक बिरामीलाई हामीले फिर्ता गर्नुपर्ने अवस्था आउने थिएन,' उनले भने, 'हामी उपचार गर्नसक्ने सक्षम भए पनि ठाउँ अभावले बिरामीको उपचार दिन नसकेकामा दुःख लाग्छ ।'

निर्देशक डा. चालिसेका अनुसार क्यान्सर अस्पतालका लागि भक्तपुरमा तीन ठाउँमा जग्गा हेरिएको छ । चाँगुनारायणको छालिङ, सूर्यविनायक र मूलपानीमा गरी तीन ठाउँ हेरे पनि जग्गा प्राप्त प्रक्रियाले अहिलेसममा जग्गा प्राप्ति भएको छैन । १६५ शयचाको अस्पतालमा दैनिक ७०० भन्दा बढी बिरामी उपचार लागि आउने गर्दछन् । यो संख्या गत वर्षभन्दा दोब्बर हो ।

'अस्पतालको प्रदान गर्ने सेवा गुणस्तरीय भएर होला अहिले अस्पतालमा गत वर्षभन्दा दोब्बर बिरामी आउने गरेका छन्,' निर्देशक डा. चालिसेले भने, 'दोब्बर बिरामीलाई उपचार गर्न सक्षम भए पनि पूर्वाधारको कमी छ ।' उपचारमा आएकामध्ये ८० प्रतिशत क्यान्सरका बिरामी हुन् । अस्पतालमा दैनिक आठदेखि १० जनासम्म शल्यक्रिया, ७० जना किमो चढाउनुपर्ने र १५० जनाको रेडियसन गर्नुपर्ने हुन्छ । अस्पताल साँघुरो ठाउँमा सञ्चालन गर्नुपरेकाले बिरामीलाई पनि सहजरूपमा उपचार दिन सकिएको छैन । 'यति सानो ठाउँमा क्यान्सरका बिरामीको उपचार गर्न मिल्दैन तर पनि हामीले बाध्य भएर साँघुरो ठाउँमा गुणस्तरीय सेवा दिएका छौं,' कार्यकारी निर्देशक डा. चालिसेले भने । *रासस*


## कतारमा रोजगार

कम्पनी : DELWAN QATAR

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/08 | LT. No. 320936 | चलानी नं. ६०२३५०६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Maker | 1 | 0 | 1100 | ४६,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plaster Worker | 2 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 3. | Pipe Fitter | 1 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 4. | PAINTER | 3 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 5. | Mason (Nepal) | 1 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 6. | Labour | 1 | 0 | 1000 | ४१,९४४ | | | | | | | |
| 7. | Digger | 4 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 8. | DECOR WOOD WORKER | 1 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 9. | Carpenter | 3 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 10. | Building Worker | 1 | 0 | 1100 | ४६,१३८ | | | | | | | |
| 11. | Brick Mason | 2 | 0 | 1100 | ४६,१३८ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १२ गते (28th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



## मलेसिया/युएइमा रोजगार

कम्पनी : YONG KAH PLANTATION GROUP SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/08 | LT. No. 340319 | चलानी नं.६०२५३७४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultral Worker | 38 | 0 | 1700 | ६३,८४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAYA PACKAGING INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/08 | LT. No. 340629 | चलानी नं.६०२५४०५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 2 | 0 | 1700 | ६३,८४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YEKA PLASTICS INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/08 | LT. No. 340320 | चलानी नं.६०२५३७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६३,८४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DOME DZ INTERNATIONAL GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/08 | LT. No. 319498 | चलानी नं. ६०२३३६३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician. | 50 | 0 | 1200 | ५०,१०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Insulation Worker | 100 | 0 | 800 | ३३,४०५ | | | | | | | |
| 3. | Riggers | 10 | 0 | 1200 | ५०,१०७ | | | | | | | |

कम्पनी : FERROPAN OILFIELD SERVICES & SUPPLIES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/08 | LT. No.327907 | चलानी नं.६०२४१७६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder General | 11 | 0 | 1700 | ७०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 8 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 3 | Scaffolder | 20 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 4 | Reinforce Filter Assistant | 14 | 0 | 1400 | ५८,४५८ | | | | | | | |
| 5 | Painter | 6 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 6 | Filing Clerk | 15 | 24 | 2000 | ८३,५१० | | | | | | | |
| 7 | Construction Carpenter | 32 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 8 | Civil Engineers | 30 | 0 | 6000 | २,५०,५३३ | | | | | | | |
| 9 | Carpenter | 40 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 10 | Blacksmith | 7 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 11 | Architect Constractors | 15 | 0 | 1500 | ६२,६३४ | | | | | | | |
| 12 | Archieves Clerk | 16 | 0 | 2000 | ८३,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १२ गते (28th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com


## प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड को

### विशेष साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/०५**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र २६, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा सहभागी हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**विशेष साधारण सभा हुने मिति, समय र स्थान:**

**मिति** : असोज ११, २०८३ ।

**समय** : बिहान ११:०० बजे ।

**स्थान** : कम्पनीको शाखा कार्यालय, का.म.न.पा. वडा नं.-३२, तिनकुने, काठमाडौं ।

**विशेष साधारण सभामा निर्णयको लागि प्रस्तुत हुने प्रस्तावहरू :-**

**क) विशेष प्रस्ताव:**

१. कम्पनीको प्रबन्धपत्रको दफा ४. संसोधन गरि उद्देश्य थपघट गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ५. संसोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्रको दफा १२. र नियमावलीको नियम ३४. संसोधन गर्ने सम्बन्धमा ।
४. विविध ।

**विशेष साधारण सभा सम्बन्धी जानकारी :-**

१. वर्तमान समयमा बाढी पहिरोको कारण देशभर प्रभाव परेकोले देशभर विभिन्न ठाउँमा रहनु भएका शेयरधनी महानुभावहरूको सहजीकरणको लागि यस विशेष साधारण सभालाई पूर्णतया भर्चुअल माध्यमबाट गरिनेछ ।
२. विशेष साधारण सभामा भर्चुअल माध्यमबाट सहभागी हुन शेयरधनी महानुभावहरूले आफ्नो नाम, शेयरधनी नम्बर सहित सभा हुने ७ दिन अगावै Meeting Id र Password का लागि यस कम्पनीको कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । शेयरधनीहरूको पहिचान पश्चात् निजहरूलाई Link/ Meeting Id /Password उपलब्ध गराइनेछ ।
३. विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
४. विशेष साधारण सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
५. यस अघि प्रकाशित प्रथम पटकको सूचनामा राखिएको विशेष प्रस्तावहरूमा दोस्रो पटक प्रकाशित सूचनामा प्रस्ताव थप गरिएको छ ।

**आज्ञाले कम्पनी सचिव**


PRABHU STEELS AND HYDRO INVESTMENT COMPANY LTD.
**प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**
**का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।**
**फो.नं. 01-5913728/5913729, www.prabhusteel.com**

## इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि को सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने बारेको १५ दिने अत्यन्त जरूरी सार्बजनिक सूचना

प्रकाशित मिति : २०८३/६/५

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा व्याज हर्जाना आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखित तथा लिखित रुपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा व्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी वसेकोले मिति २०८२/१२/१२ गतेका दिन प्रभाब दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना र मिति २०८३/१/२४ गतेका दिन प्रभाब दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना र मिति २०८३/२/१८ गतेका दिन प्रभाब दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारे ७ दिने सूचना प्रकाशित तथा २०८३/४/२५ मा ३५ दिने लिलामी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजका मिति सम्म पनि साँवा ब्याज चुक्ता नगरेकोले संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्य देखिएकोले यस संस्थाको सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने बारेको १५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशित गएिको छ । उक्त म्यादभित्र पनि संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण साँवा ब्याज र र्हजना रकम बुझाई कर्जा चुक्ता गर्नु होला । उक्त म्याद भित्र साँवा ब्याज र र्हजना समेत चुक्ता नगरेमा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनका दिन कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै झमेला नभएको तपशिल बमोजिमको जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, यस सहकारीको कर्जा नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरिने छ ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| कर्जाको शिर्षक : ब्यबसायीक कर्जा<br>नाम -**मिना भण्डारी पाण्डेय**<br>बाबु -पुरुषोत्तम पाण्डेय<br>बाजे/ससुरा -यज्ञ प्रसाद भण्डारी<br>ठेगाना -तारकेश्वर, अर्यालतार ५,<br>ना.प्र.नं ८७९०८<br>मिति २०६०/०७/२१ नुवाकोट  | नाम-**राम शरण भण्डारी**<br>बाबु -यज्ञ प्रसाद भण्डारी<br>बाजे -ऋषि दन्त भण्डारी<br>ठेगाना -तारकेश्वर, अर्यालतार ५,<br>ना.प्र.नं १०३५<br>मिति २०४६/१२/१६ नुवाकोट  |

**धितो सुरक्षण विवरण:** काठमाण्डौ जिल्ला, काभ्रेस्थली वडा नं. ५ स्थित मिना भण्डारी पाण्डेयको नाममा रहेको कित्ता नं. २४७७ को क्षे.फ १२७.१६ ब. मि भएको सम्पूर्ण घरजग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

**लिलाम बिकीका सर्तहरु**

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढि कबोल गर्ने ब्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा गुड फर पेमेन्ट चेक मार्फत धरौटी वापत सोही दिन यस संस्थामा बुझाउनु पर्ने छ ।
२) लिलाम सकार गर्ने ब्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत जफत हुने छ ।
३) लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सकार गरिने छ ।
४) तोकिएको लिलामको दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुने छ ।
५) डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने ब्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित हुने छ ।
६) लिलाम बिकि हुने अचल सम्पति (जग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस सहकारीमा कार्यालय समयभित्र सर्म्पक राख्न सक्नु हुने छ ।
७) काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं १६, बालाजु स्थित यस सहकारीको कार्यालयमा मिति २०८३/६/२० गते अपह्रन्न १२ बजेदेखि ४ बजे सम्म उपरोक्त अचल सम्पतिको लिलामको डाँक बढाबढ हुनेछ ।
८) सहकारी ऐन, नियमावली तथा यस संस्थाको कर्जा नीति अनुसार लिलाम बिकि गनुपर्ने जायजेथा लिलाम बिकि गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पतिको स्वामित्व आफुमा लिन सक्ने छ ।
९) लिलाम बिकि गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयमले नै ब्यर्होनु पर्ने छ ।

**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com

प्रभाव दैनिक National Daily

सम्पादकीय

# ‘सिण्डिकेट’ रोक्न कूटनीतिक सक्रियताको खाँचो

नेपालका लागि वैदेशिक रोजगारीको प्रमुख गन्तव्यका रूपमा रहेको मलेसियाको श्रमिक भर्ना प्रक्रिया पुनः अन्योल र विवादको घेरामा परेको छ। पछिल्लो १० आर्थिक वर्षको तथ्यांक हेर्दा वैदेशिक रोजगारीमा गएका कूल श्रमिकमध्ये १५.५ प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने मलेसियामा सिर्जना हुने कुनै पनि उथलपुथलले नेपालको अर्थतन्त्र र हजारौं युवाको भविष्यमा प्रत्यक्ष असर पार्दछ । हालै मलेसियाले आफ्नो ‘विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली’ (एफडब्ल्युसिएमएस) मा सीमित व्यवसायीलाई मात्र पहुँच दिई बाँकीलाई पन्छाउने जुन नीति अघि सारेको छ, यसले स्वस्थ प्रतिस्पर्धाको मर्ममाथि प्रहार त गरेकै छ, वैदेशिक रोजगार व्यवसायलाई सीमित समूहको मुठीमा सुम्पिने गम्भीर खतरा पनि बढाएको छ ।

नेपालमा इजाजतपत्र प्राप्त करिब ११ सय व्यवसायीमध्ये २५ वटालाई ‘प्रिन्सिपल’ र थप २५० वटालाई ‘सहायक’ एजेन्सीका रूपमामात्र काम गर्न दिने यो व्यवस्था एकाधिकार (सिण्डिकेट) को प्रत्यक्ष रूप हो । नेपाली कानुनले यस प्रकारको विभेदकारी र नियन्त्रित प्रणालीलाई स्वीकार गर्दैन । जब कुनै पनि क्षेत्रमा पारदर्शी र स्वस्थ प्रतिस्पर्धाको अन्त्य हुन्छ, त्यहाँ एकाधिकारवादी वर्ग हाबी हुन्छ र त्यसको प्रत्यक्ष मारमा अन्ततः निर्धो श्रमिक नै पर्दछन् । यसअघि पनि विविध बिचौलिया संयन्त्र र अतिरिक्त शुल्कका नाममा नेपाली श्रमिकहरू कसरी शोषणमा परेका थिए भन्ने तथ्य जगजाहेरै छ । सीमित संस्थाको हातमामात्र भर्ना प्रक्रिया केन्द्रित हुँदा श्रमिकमाथि अनधिकृत र अस्वाभाविक आर्थिक भार थपिने जोखिम उच्च रहन्छ । तसर्थ, श्रम शोषणको आधार तयार पार्ने र बहुसंख्यक व्यवसायीलाई अवसरबाट वञ्चित गराउने यस्तो प्रणाली कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन ।

तर, समस्याको विरोध गर्दा र अडान लिँदा विगतका पाठहरूलाई भुल्नु हुँदैन । २०७५ सालमा सिण्डिकेट र अस्वाभाविक शुल्कविरुद्ध चालिएको कदमका कारण १५ महिनासम्म मलेसिया रोजगारी ठप्प बनेको थियो । त्यसपछिका महामारी र विविध प्राविधिक अवरोधले नेपाली श्रमिक र उनीहरूमाथि आश्रित परिवारले ठूलो मूल्य चुकाउनुपरेको इतिहास ताजा छ । अहिले पुनः व्यवसायीहरूले रोजगारी नै बन्द गर्ने अडान लिनु वा सरकारले एकतर्फीरूपमा कडा कदम चाल्नु समस्याको दिगो समाधान हुन सक्दैन । केवल प्रतिक्रियात्मक बन्दा मलेसियाले अर्को अप्रिय निर्णय लिन सक्ने र यसबाट हजारौं नेपाली युवाले पाउने वैदेशिक रोजगारको अवसर सदाका लागि गुम्न सक्ने जोखिमप्रति निकै सजग हुन आवश्यक छ ।

यस जटिल घडीमा नेपाल सरकार, विशेषगरी युवा, श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयले अत्यन्त गम्भीर, सुझबुझपूर्ण र प्रभावकारी कूटनीतिक पहल तत्काल अघि बढाउनुपर्छ । नेपालको राष्ट्रिय कानुन, दायित्व र श्रमिकको हित अनुकूल हुनेगरी सबै व्यवसायीले समान र निर्वाधरूपमा व्यवसाय गर्न पाउने वातावरण बनाउन मलेसिया सरकारसँग उच्चस्तरीय संवाद थालिनुपर्छ । स्थापित ‘संयुक्त प्राविधिक बैठक’ (जेडब्ल्युसी) जस्ता द्विपक्षीय कूटनीतिक संयन्त्रलाई अविलम्ब सक्रिय बनाएर समस्याको निकास खोज्नुपर्छ ।

हाम्रो स्पष्ट मान्यता छ– मलेसिया रोजगारीमा सिण्डिकेट वा एकाधिकारका नाममा श्रमिकमाथि आर्थिक भार थप्ने र अधिकांश व्यवसायीलाई वञ्चित गर्ने व्यवस्था लागू हुनु हुँदैन । तर, यसको समाधान खोज्दा वैदेशिक रोजगारी नै ठप्प भई हजारौं युवाको रोजीरोटी खोसिने स्थिति पनि आउन दिनु हुँदैन । सरकारले बलियो कूटनीतिक सामर्थ्य प्रदर्शन गर्दै मलेसियासँग संवादमार्फत यो समस्याको तत्काल न्यायोचित समाधान निकालोस् ।

# युवाको उत्साह, अनुभव र विधिको शासन



❑ श्यामप्रसाद मैनाली

> “ वर्तमान सरकारसँग एउटा दुर्लभ अवसर छ । पुराना राजनीतिक शक्तिप्रतिको निराशा, युवाको ऊर्जा, जनताको परिवर्तनको चाहना र झण्डै दुईतिहाइको संसदीय शक्ति, अहिले यी चारवटै कुरा एउटै सरकारको हातमा आएको अवस्था छ । वर्तमान सरकारका लागि आजको सबैभन्दा महत्त्वपूर्ण अस्त्र भनेकै ऊर्जाले भरिएका शिक्षित युवाहरु शासनमा हुनु हो । उनीहरूले गरेको निर्णयहरु तथ्यमा आधारित होस् । नेतृत्वले राजनीतिक संस्कार स्वीकार गरोस् । तीव्र सुधारका दिशामा अघि बढोस् ।

नेपालको वर्तमान राजनीतिक परिवेशमा एउटा असाधारण आशा जन्मिएको छ । लामो समयदेखि परम्परागत राजनीतिक शक्तिको शासन, अस्थिरता, भ्रष्टाचार, सुशासनको कमजोरी र राज्य संयन्त्रप्रतिको बढ्दो अविश्वासबाट निराश बनेका नेपाली नागरिकले परिवर्तनको खोजी गरेका थिए । यही असन्तुष्टिको पृष्ठभूमिमा युवाको नेतृत्वमा भएको आन्दोलनले पुरानो राजनीतिक समीकरणलाई विस्थापित गऱ्यो र नयाँ राजनीतिक शक्तिलाई अत्यन्त बलियो जनादेशसहित सरकार सञ्चालन गर्ने अवसर प्राप्त भयो ।

वर्तमान सरकारका प्रधानमन्त्री वालेन्द्र शाह स्वयं ३६ वर्षको उमेरमा नेपालको सबैभन्दा कम उमेरका प्रधानमन्त्री बनेका छन् । २०८२ सालको निर्वाचनपछि करिब दुईतिहाइ बहुमतको शक्ति प्राप्त गरेको छ । मन्त्रिपरिषद्को ठूलो हिस्सा पनि ४० वर्षभन्दा कम उमेरका व्यक्तिहरूको छ । यो परिवर्तन सामान्य राजनीतिक घटना होइन, नेपाली समाजले पुरानो राजनीतिक संस्कारप्रति दिएको गम्भीर सन्देश हो । त्यसैले वर्तमान सरकारप्रति नागरिकको अपेक्षा पनि सामान्य सरकारप्रतिको भन्दा धेरै ठूलो छ ।

प्रधानमन्त्रीमा देशका लागि केही गरौं भन्ने हुटहुटी देखिन्छ । अधिकांश मन्त्री तथा सत्तारूढ राजनीतिक नेतृत्वमा पनि नयाँपन, ऊर्जा र परिवर्तनको आकांक्षा देखिन्छ । यसलाई सकारात्मकरूपमा लिनुपर्छ तर शासन केवल इच्छा, उत्साह र लोकप्रियताबाट सञ्चालन हुँदैन । लोकप्रिय केही सामान्य कारबाहीहरू गरेर देशको अवस्थाको परिवर्तन गर्न सकिन्न । शासन सञ्चालनका लागि अनुभव, संस्थागत स्मृति, कानुनी ज्ञान, प्रशासनिक क्षमता, राजनीतिक परिपक्वता र निर्णयको दूरगामी प्रभाव बुझ्ने क्षमता पनि आवश्यक हुन्छ ।

## अन्तर्राष्ट्रिय अनुभव

परिवर्तनको सबैभन्दा ठूलो ऊर्जा युवाबाटै आउँछ । संसारका धेरै मुलुकमा युवा उमेरमै राजनीतिक नेतृत्वमा पुगेका व्यक्तिहरूले महत्त्वपूर्ण परिवर्तन गरेका उदाहरण देख्न सकिन्छ । न्युजिल्याण्डकी जाकिन्दा आर्डेन ३७ वर्षको उमेरमा प्रधानमन्त्री बनिन् । उनले संकटको समयमा सहानुभूति, संवाद र संस्थागत संयमलाई नेतृत्वको महत्त्वपूर्ण आधार बनाइन् । क्राइस्टचर्चमा भएको आतंकवादी हमलापछि उनको मानवीय प्रतिक्रिया विश्वभर उदाहरण बन्यो । उनी युवा थिइन् तर उनले विशेषज्ञता, प्रशासनिक संयन्त्र र संस्थागत प्रक्रियालाई नेतृत्वसँग जोडिन् ।

फ्रान्सका इमानुएल म्याक्रों ३९ वर्षको उमेरमा राष्ट्रपति बने । युवा उमेरले उनलाई नयाँ राजनीतिक दृष्टिकोण अघि सार्न सहयोग गऱ्यो तर फ्रान्सजस्तो जटिल राज्य सञ्चालन गर्न उनले अनुभवी प्रशासनिक तथा कूटनीतिक संयन्त्रलाई प्रयोग गरे । यसबाट सिक्नुपर्ने पहिलो पाठ हो- युवाले नेतृत्व गर्न सक्छन्, तर युवाहरू अनुभवको विकल्प बन्न सक्दैनन् । अनुभव भन्नाले उमेरमात्र होइन, विगतका सफल र असफल अभ्यासबाट सिक्ने क्षमता नै वास्तविक अनुभव हो । आफूभन्दा अगाडि काम गरेका व्यक्तिको ज्ञान ग्रहण गर्नु कमजोरी होइन, नेतृत्वको परिपक्वता हो ।

विश्व इतिहासमा आन्दोलन वा क्रान्तिबाट युवा उमेरमै सत्तामा पुगेका नेताहरू पनि छन् तर उनीहरूको अनुभव एकै प्रकारको छैन । बुर्किनाफासोका थोमस सांकारा यसको महत्त्वपूर्ण उदाहरण हुन् । उनी ३३ वर्षको उमेरमा सन् १९८३ मा क्रान्तिमार्फत सत्तामा पुगे । उनले देशको नाम नै परिवर्तन गरेर बुर्किनाफासो राखे । भ्रष्टाचार नियन्त्रण, शिक्षा, स्वास्थ्य, महिला सहभागिता तथा आत्मनिर्भरतालाई प्राथमिकता दिए । उनको शासनकाल छोटो भए पनि उनको राजनीतिक आदर्श आजसम्म प्रभावशाली छ । बुर्किनाफासोको राष्ट्रपतिको आधिकारिक विवरणले पनि ४ अगस्ट १९८३ देखि १५ अक्टोबर १९८७ सम्म उनको नेतृत्व र क्रान्तिकारी कार्यक्रमको उल्लेख गर्छ तर सांकाराको अनुभवको अर्को पक्ष पनि उत्तिकै महत्त्वपूर्ण छ । क्रान्तिकारी उत्साह, व्यक्तिगत लोकप्रियता र परिवर्तनको तीव्र चाहनालेमात्र दीर्घकालीनरूपमा लोकतान्त्रिक संस्था निर्माण गर्न सक्दैन । सन् १९८७ मा आफ्नै सहकर्मी ब्लेज कम्पाओरेको नेतृत्वमा भएको ‘कू’ मा परी उनको अवसान भएको इतिहास छ ।

## दुईतिहाइको बहुमत अवसर हो

नेपालमा वर्तमान सरकार आन्दोलनको राजनीतिक ऊर्जा र जनताको मतबाट बनेको हो । त्यसैले यसले क्रान्तिकारी आवेगलाई लोकतान्त्रिक संस्थागत रूपान्तरणमा बदल्नुपर्छ, क्रान्तिको नाममा संस्था कमजोर बनाउने दिशामा जानु हुँदैन । वर्तमान सरकारसँग एउटा असाधारण राजनीतिक शक्ति छ । झण्डै दुईतिहाइको जनादेश छ । यस्तो शक्ति धेरै सरकारलाई प्राप्त हुँदैन तर ठूलो बहुमतसँग ठूलो जिम्मेवारी पनि आउँछ । जनताले सरकारलाई झन् बढी जिम्मेवार भएर काम गर्ने अवसर दिएका हुन् ।

नेपालमा पुराना राजनीतिक नेतृत्वहरूप्रति नागरिकहरूको आक्रोश छ । भ्रष्टाचार, ढिलासुस्ती, राजनीतिक संरक्षण, दण्डहीनता र प्रशासनिक कमजोरी हटाउन कठोर कदम चाल्न आवश्यक छ, तर कठोर कदम विद्यमान कानुन, प्रक्रिया, विधिसम्मत हुनुपर्दछ । लोकतन्त्रमा सरकारले गलत काम गर्ने व्यक्तिमाथि कारबाही गर्नसक्छ तर कारबाहीको पनि विधि हुन्छ, प्रक्रिया हुन्छ, प्रमाण चाहिन्छ । सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने अवसर हुन्छ । निर्णयमाथि पुनरवलोकनको बाटो हुन्छ । न्यायिक परीक्षणको सम्भावना हुन्छ । यी प्रक्रिया जटिल देखिएता पनि लोकतन्त्रको सुन्दरता भनेकै यही हो । विधिको शासन व्यक्तिको हितका लागि होइन, सबैका लागि समान सुरक्षा सुनिश्चित गर्न आवश्यक हुन्छ ।

नेपालको प्रशासनिक संयन्त्रमा दशकौं काम गरेका कर्मचारी, न्यायाधीश, कूटनीतिज्ञ, प्राध्यापक, अर्थशास्त्री, प्राविधिक र सुरक्षा अधिकारीहरू छन् । उनीहरूसँग सबै उत्तर नहुन सक्छन् तर राज्य सञ्चालनका अनेक अनुभव छन् । नयाँ सरकारले उनीहरूलाई पुरानो व्यवस्था बोकेका व्यक्ति भनेर मात्र हेर्नु हुँदैन । स्मरण रहोस्, यी गुणस्तरयुक्त अनुभवी व्यक्तित्वहरू सरकारका नजिक पुगेर आत्मप्रशंसा गर्न चाहँदैन, उनीहरू स्वाभिमानी हुन्छन् । सरकारले खोजी गर्न सक्नुपर्छ । पुरानो पुस्ताको कमजोरी र अनुभवबाट पनि नयाँ पुस्ताले सिक्नुपर्छ । युवाको ऊर्जा र अनुभवी पुस्ताको ज्ञानबीच सम्बन्ध स्थापित गर्नसकेमात्र राज्यसंयन्त्र प्रभावकारी हुन्छ । युवाले दिशा दिन सक्छन्, अनुभवीले बाटोको जोखिम देखाउन सक्छन् । प्रविधिले गति दिन सक्छ, संस्थाले स्थायित्व दिन्छ । राजनीतिक इच्छाशक्तिले निर्णय गराउन सक्छ, प्रशासनिक क्षमताले त्यसलाई कार्यान्वयनमा लैजान्छ । यी सबै एकअर्काका परिपूरक हुन् ।

## सरकारका लागि केही सुझावहरू

वर्तमान सरकार देशको अवस्था परिवर्तन गर्न जिम्मेवारीका साथ सत्तामा पुगेको छ । गल्ती गर्ने छुट वर्तमान सरकारलाई छैन । तसर्थ, केही विषयहरूलाई प्राथमिकतामा राखी शासन सञ्चालन गर्नु उपयुक्त हुन्छ । पहिलो हो, उत्साहलाई प्रणालीमा रूपान्तरण गर्नुपर्छ । प्रधानमन्त्रीको हुटहुटी सकारात्मक शक्ति हो तर प्रधानमन्त्रीको व्यक्तिगत ऊर्जा सम्पूर्ण राज्य संयन्त्रको कार्यक्षमतामा परिणत हुनुपर्छ । आफ्नो स्थायी संयन्त्रमाथि पूर्णविश्वास गर्नुपर्छ र त्यसलाई सक्षम बनाउनुपर्छ ।

दोस्रो हो, कानुनी प्रक्रिया र संस्थागत मर्यादा कहिल्यै नाघ्नु हुँदैन । भ्रष्टाचारविरुद्ध कठोरता आवश्यक छ तर कठोरता कानुनसम्मत हुनुपर्छ । सरकारले आफ्नो लोकप्रियता वा बहुमतको बलमा संवैधानिक संस्था, संसद्, न्यायपालिका, प्रशासन वा स्वतन्त्र नियामक निकायहरूलाई झन् बलियो बनाउनुपर्छ ।

तेस्रो हो, छोटो समयको लोकप्रियतालाई भन्दा दीर्घकालीन सुधार रोज्नुपर्छ । नयाँ सरकारसँग जनताको आशा धेरै हुँदा पनि सबै कुरा एकै वर्षमा परिवर्तन गर्न खोज्दा प्रशासनिक अव्यवस्था उत्पन्न हुनसक्छ । सय दिनमा देखिने परिणामभन्दा १० वर्षपछि पनि टिक्ने संस्थागत सुधार महत्त्वपूर्ण हुन्छ । सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, कृषि, पूर्वाधार, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र न्याय प्रणालीका क्षेत्रमा स्पष्ट प्राथमिकता निर्धारण गरेर चरणबद्ध रूपमा काम गर्नुपर्छ ।

चौथो हो, आलोचनालाई स्वागत गर्ने संस्कारको विकास हुनुपर्छ । लोकतन्त्रमा आलोचना सरकारको कमजोरी होइन, सरकारलाई सुधार्ने माध्यम हो । सञ्चारमाध्यम, विपक्षी दल, नागरिक समाज, प्राज्ञिक क्षेत्र र नागरिकले उठाएका प्रश्नलाई पुरानो सोच वा परिवर्तनविरोधीको संज्ञा दिँदै खारेज गर्नु हुँदैन । सरकारको सफलताका लागि विश्वसनीय आलोचना आवश्यक हुन्छ ।

## नयाँ नेतृत्वका लागि विश्वको सन्देश

दक्षिण एसियाली मुलुकमा भएका ‘जेन-जी’ पुस्ताको आन्दोलनले एउटा नयाँ राजनीतिक युग सुरु गरेको देखिन्छ । नेपालमा २०८२ सालको जेन-जी आन्दोलनले तत्कालीन सरकार ढालेपछि २०८२ सालको निर्वाचनमा ठूलो राजनीतिक परिवर्तन भयो । बंगलादेश र श्रीलंकामा पनि युवा तथा जनआन्दोलनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिए तर ‘च्याथम हाउस’ले हालै गरेको विश्लेषणमा यी नयाँ सरकारहरूले ठूलो जनादेश पाए पनि शासन सञ्चालनको जटिलता र अनुभवको कमीका कारण चुनौती सामना गरिरहेको उल्लेख छ ।

यसको अर्थ आन्दोलन जित्नु र राज्य चलाउनु फरक कुरा हो भन्ने पुष्टि हुन्छ । आन्दोलनले असन्तुष्टि व्यक्त गर्छ । शासनले समाधान दिनुपर्छ र नयाँ संस्था निर्माण गर्नुपर्छ । आन्दोलनमा नारा पर्याप्त हुनसक्छ । शासनमा नीति, बजेट, कानुन, प्रशासन, कूटनीतिलाई जनता र देशका पक्षमा कार्यान्वयन गर्न हुटहुटीसहितको विशेष क्षमता चाहिन्छ ।

अन्त्यमा, नेपालको वर्तमान सरकारसँग एउटा दुर्लभ अवसर छ । पुराना राजनीतिक शक्तिप्रतिको निराशा, युवाको ऊर्जा, जनताको परिवर्तनको चाहना र झण्डै दुईतिहाइको संसदीय शक्ति, अहिले यी चारवटै कुरा एउटै सरकारको हातमा आएको अवस्था छ । वर्तमान सरकारका लागि आजको सबैभन्दा महत्त्वपूर्ण अस्त्र भनेकै ऊर्जाले भरिएका शिक्षित युवाहरू शासनमा हुनु हो । उनीहरूले गरेको निर्णयहरू तथ्यमा आधारित होस् । नेतृत्वले राजनीतिक संस्कार स्वीकार गरोस् । तीव्र सुधारका दिशामा अघि बढोस् । नेपाली जनताले करिब दुईतिहाइको वर्तमान सरकारलाई केवल एउटा अर्को सरकारका रूपमा हेरेका छैनन्, परिवर्तनको आशाको प्रतिनिधिका रूपमा हेरेका छन् ।

इतिहासले वर्तमान सरकारलाई विशेष जिम्मेवारीसहित ऐतिहासिक अवसर प्रदान गरेको छ । अपारजनताको समर्थनसहित युवाले नेतृत्व गरेको वर्तमान सरकारकाबीच मुलुकमा व्याप्त भ्रष्टाचार, विकृति-विसंगति र ढिलासुस्तिको अन्त्य गर्दै सुशासन, समृद्धि, दिगो विकास गर्ने चुनौती रहेको देखिन्छ । निर्वाचनका क्रममा जनतामाझ पुग्ने र सरकार निर्माण गर्नेक्रममा वाचा गरिएअनुसार त्यस किसिमका चुनौतीको सामना गर्न वर्तमान सफल हुने विश्वास गरिएको छ । *रासस*

श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी) मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

पाठक मञ्च

# कांग्रेस महाधिवेशन: एकता कि विभाजनको बाटो ?

मुलुकको सबैभन्दा पुरानो, लोकतान्त्रिक र ऐतिहासिक पार्टी नेपाली कांग्रेसभित्र उत्पन्न पछिल्लो आन्तरिक खिचातानी, दुईवटा समानान्तर महाधिवेशनको घोषणा र वैधानिकताको तानातानले पार्टीका शुभचिन्तकमात्र होइन, समग्र देशकै राजनीतिक स्थायित्वप्रति चिन्ता बढाएको छ ।

एकातिर सभापति गगन थापा नेतृत्वको संस्थापनपक्षले विशेष महाधिवेशन, निर्वाचन आयोगको मान्यता र सर्वोच्च अदालतको रिट खारेजीलाई आधार मान्दै असोज ३ गतेदेखि ४३ जिल्लाका हजारौं वडाबाट १५औं महाधिवेशनको औपचारिक सुरुआत गरेको छ । अर्कोतिर, डा. शशांक कोइराला नेतृत्वको इतरपक्षले उक्त सम्पूर्ण प्रक्रियालाई अवैधानिक ठहर गर्दै मंसिर २१ देखि २३ गतेसम्म छुट्टै महाधिवेशन गर्ने घोषणा गरेको छ । एउटै पार्टीभित्र दुईवटा महाधिवेशनको कार्यतालिका सार्वजनिक हुनु र वडा तहका कार्यकर्ता कुन प्रक्रियामा सहभागी हुने भन्ने अन्योलमा पर्नु अत्यन्तै दुःखद राजनीतिक परिदृश्य हो ।

यद्यपि, पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कानिकट समूह पूर्वपदाधिकारीहरूको समायोजन र क्रियाशील सदस्यताको माग सम्बोधन भएपछि संस्थापनपक्षको मूल प्रवाहमा फर्कनुले पार्टीभित्र अझै पनि संवाद र सहमतिको सम्भावना बाँकी रहेको संकेत गर्छ । तर, पार्टीको शीर्ष नेतृत्व तहमा संवादहीनता कायम रहनु र एकपक्षीयरूपमा अघि बढ्ने होडबाजी चल्नुले कांग्रेसलाई बलियो बनाउनुको साटो विभाजनको दिशातर्फ धकेल्ने जोखिम बढाएको छ ।

ऐतिहासिकरूपमा नेपाली कांग्रेसले सधैं सहमति, सहकार्य र लोकतान्त्रिक मूल्यमान्यतालाई आफ्नो मूल मर्म मान्दै आएको छ । जब-जब कांग्रेसभित्र आन्तरिक विभाजन र गुटबन्दी चरम उत्कर्षमा पुग्छ, त्यसको प्रत्यक्ष प्रभाव मुलुकको समग्र लोकतान्त्रिक प्रणाली र शासन व्यवस्थामा पर्ने गरेको इतिहास साक्षी छ । महाधिवेशन भनेको पार्टीभित्र नयाँ ऊर्जा थप्ने, विचारको मन्थन गर्ने र नयाँ नेतृत्व चयन गर्दै संगठनलाई चुस्त-दुरुस्त बनाउने अवसर हो । तर, अहिलेको स्थितिमा महाधिवेशन पार्टी जोड्ने माध्यम नभएर विभाजनको वैधानिक औजार बन्ने खतरा पैदा भएको छ ।

तसर्थ, दुवै पक्षका शीर्ष नेताहरूलाई मेरो विनम्र आग्रह छ- आफ्ना व्यक्तिगत र गुटगत महत्त्वाकांक्षाभन्दा माथि उठेर पार्टीको विधान, विधि र कार्यकर्ताको भावनालाई केन्द्रमा राख्नुहोस् । अदालत र निर्वाचन आयोगका प्राविधिक तथा कानुनी निर्णयहरू आफ्नो ठाउँमा होलान्, तर राजनीतिक विवादको वास्तविक समाधान भनेको टेबुलमा बसेर गरिने इमानदार संवाद र सहमति नै हो । वडा तहमा अधिवेशन भइरहँदा लाखौं निष्ठावान् कार्यकर्ताहरू अन्योलमा छन्; उनीहरूको पसिना र समर्पणलाई गुटबन्दीको बलिदानी बनाउन मिल्दैन ।

यदि कांग्रेसले देशलाई सही दिशा दिने हो भने सर्वप्रथम आफ्नै घरभित्रको विवाद सुल्झाउनुपर्छ । संस्थापनपक्षले इतरपक्षलाई समेट्ने लचिलो र व्यापक छाता नीतिको अवलम्बन गर्नुपर्छ भने इतरपक्षले पनि वैधानिक प्रक्रिया र समयको मागलाई बुझेर संवादको बाटो रोज्नुपर्छ । १५औं महाधिवेशनलाई पार्टी फुटाउने होइन, रूपान्तरण र पुनःजागरणको थलो बनाउन तत्काल वार्ता समिति गठन गरी सर्वस्वीकार्य समाधान खोजियोस् । कांग्रेसको एकता नै लोकतन्त्रको सबलीकरणको आधार हो भन्ने कुरा शीर्ष नेतृत्वले समयमै बुझ्न जरुरी छ ।

**- शंकर पराजुली**
कांग्रेस शुभेच्छुक, काठमाडौं

# राष्ट्रसंघको महासभामा भोटेकोशी विपद्‌बारे सम्बोधनको तयारी गर्न रास्वपाको निर्देशन

**काठमाडौं (प्रस)–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संयुक्त राष्ट्रसंघको महासभामा भोटेकोशी विपद्सँग जोडिएका बहुआयामिक पक्ष र बदलिँदो राजनीतिक परिस्थितिका बारेमा सम्बोधनको तयारी गर्न निर्देशन दिएको छ । पार्टी सभापति रवि लामिछानेको सभापतित्वमा केन्द्रीय कार्यालयमा आइतबार सम्पन्न सचिवालयको बैठकले महासभामा सहभागी हुन जाने प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलगायतको कार्यदललाई अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वमञ्चमा नेपालको भूमिकाका विषयमा धारणा राख्नेगरी तयारी गर्न निर्देशन दिएको हो ।

बैठकले पार्टीको मधेस प्रदेशको सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटका सन्दर्भमा संयोजक तथा सहमहामन्त्री हरि ढकालबाट विस्तृत प्रतिवेदन प्राप्त भएपश्चात् आवश्यक रणनीतिक कदम अगाडि बढाउने निर्णय गरेको प्रवक्ता जगदीश खरेलले जानकारी दिए । उनका अनुसार बैठकले केन्द्रीय अनुशासन आयोगको सदस्यमा अधिवक्ताहरू हरिचन्द्र भट्टराई सुशीला सिंखडा, रामचन्द्र कार्की, शान्ता थापा, नन्दन तिमिल्सिना, रोहन बोहजू, भविन्द्र राई, सन्तोष आचार्य, सन्तोष बिसुखे र श्वेता कुमारीलाई मनोनयन गरेको छ ।

ज्ञानेन्द्र मल्ललाई युवा खेलकुद तथा सशक्तीकरण विभागको उपप्रमुखका रूपमा मनोनयन गरिएको प्रवक्ता खरेलले जानकारी दिए । त्यस्तै अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक विभागको सदस्यमा महेश भट्ट, टासी लाजोम र हिक्मतजंग कार्कीलाई नियुक्त गरिएको छ । सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभागको सदस्यमा जयराम गुरुङ र राजकुमार श्रेष्ठलाई नियुक्त गरिएको छ । बैठकमा नवमनोनीत सचिवालय सदस्य विराजभक्त श्रेष्ठ र सहप्रवक्ता सुरेन्द्र चौधरीले पार्टी सभापति लामिछानेसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए ।

बैठकले भोटेकोशी विपद्का कारण स्थगित पार्टीका सम्पूर्ण आधिकारिक गतिविधि पुनःसञ्चालन गर्ने निर्णय गरेको प्रवक्ता खरेलले जानकारी दिए । 'यसअन्तर्गत 'हामी सुन्छौं' अभियान, 'नागरिक नीति र नेतृत्व' अभियान, स्थानीय तहका उम्मेदवार छनोट प्रक्रियालगायत सांगठनिक तथा जनसम्पर्कका कार्यक्रम अब अविलम्ब अघि बढाइने छन्,' उनले भने ।

बैठकमा पार्टीका उपसभापति तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफ्नो भर्खरै सम्पन्न भारत भ्रमणका क्रममा भएका भेटवार्ता र आर्थिक कूटनीतिका विषयमा सचिवालयलाई विस्तृत जानकारी गराएका थिए । भोटेकोशीमा आएको विनाशकारी बाढीपछि पार्टीका तर्फबाट सरकारमा सहभागी पदाधिकारी तथा सदस्यले खोजी, उद्धार, राहत वितरण तथा पुनःस्थापना र पुनर्निर्माणका बहुआयामिक पक्षबारे पार्टीलाई जानकारी गराएका थिए ।

# 'स्याहार योजना' कार्यान्वयनमा

**काठमाडौं (प्रस)–** विपद्का कारण परिवारबाट छुटेका, अभिभावक तथा संरक्षकविहीन भएका र विशेष संरक्षणको आवश्यकता परेका बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि सरकारले 'स्याहार योजना' कार्यान्वयनमा ल्याएको छ ।

योजनाअन्तर्गत ललितपुरको गोदावरी नगरपालिका-१२, ठेचोमा बालबालिकाका लागि अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनमा आएको हो । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको पहलमा राष्ट्रिय बालअधिकार परिषद्ले सञ्चालनमा ल्याएको ठेचोस्थित केन्द्र विपद् प्रभावित तथा विशेष संरक्षण आवश्यक बालबालिकाका लागि तत्काल सुरक्षित आश्रय र आवश्यक संरक्षण सेवा उपलब्ध गराउने केन्द्रका रूपमा सञ्चालन गरिएको हो ।

केन्द्रमा बालबालिकाका लागि सुरक्षित आवास, खानपान, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक अवस्था पहिचान तथा परिवार वा आफन्तको खोजी लगायतका सेवा उपलब्ध गराइने छ । बालबालिकाको सर्वोत्तम हित र सुरक्षा सुनिश्चित गर्दै सम्भव भएसम्म उनीहरूलाई परिवार वा उपयुक्त आफन्तसँग सुरक्षित पुनःमिलन गराइने छ ।

परिवार वा आफन्तसँग सुरक्षित पुनःमिलन सम्भव नभएको अवस्थामामात्र, बालबालिकाको सर्वोत्तम हित, सुरक्षा र आवश्यकताको मूल्यांकनका आधारमा प्रचलित कानुन तथा मापदण्डबमोजिम दीर्घकालीन सुरक्षित संरक्षणको व्यवस्था अन्तिम विकल्पका रूपमा गरिने बताइएको छ ।

### मनसुन प्रतिकार्य कमाण्ड पोस्टको बैठक

# बंगालको खाडीको न्यून चापीय प्रणालीबारे उच्च सतर्कतामा राखिने

**काठमाडौं (प्रस)–** मनसुन प्रतिकार्य कमाण्ड पोस्टको आइतबार बसेको बैठकले बंगालको खाडीमा बनेको न्यून चापीय क्षेत्रका कारण नेपालमा हुन सक्ने सम्भावित वर्षा र त्यसको प्रभावबारे गहन छलफल गरेको छ ।

बैठकमा जल तथा मौसम विज्ञान विभागका उच्च अधिकारीहरूले जलवाष्पयुक्त प्रणालीको सम्भावना र त्यसले पार्न सक्ने असरबारे विस्तृत जानकारी गराएका थिए । मौसममा आउन सक्ने बदलावलाई ध्यानमा राख्दै बैठकले सो वर्षा गराउने प्रणालीको निरन्तर निगरानी गर्ने र आवश्यक पूर्वतयारीका लागि सम्बन्धित सबै निकायहरूलाई उच्च सतर्कतामा राख्ने निर्णय गरेको छ ।

त्यसैगरी, बैठकले केही समयअघि भोटेकोशीमा आएको बाढीका कारण 'विपद् संकटग्रस्त क्षेत्र' घोषित स्थानहरूमा आवागमन र कनेक्टिभिटी पुनः सञ्चालन गर्न तत्काल कदम चाल्ने निर्णय गरेको छ । प्रभावित क्षेत्रका विभिन्न स्थानमा झोलुंगे पुल निर्माणका लागि उपलब्ध स्रोतसाधनका साथै सहयोग गर्न इच्छुक संघ-संस्थाहरूको समन्वयमा यथाशीघ्र प्रक्रिया अगाडि बढाउन पूर्वाधार विकास मन्त्रालयलाई अनुरोध गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०५ गते**

यस कम्पनीको मिति २०८३/०२/१९ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल पाथिभरा प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सौरभ होटल प्रा.लि. (प्रा.लि.नं. ३७६०६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०६८/१०/२४ मा दर्ता भएको **किर्तिपुर प्याथोलोजी प्रा. लि. (प्रा. लि. नं. ९०४४५/०६८/०६९)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/०४ गतेको वार्षिक साधारणसभाको निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाणसहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं. १६५ मो.नं.: ९८१३२४४६५५**

## Sunawarshi Municipality
# Office Of The Municiple Executive
**Dainiya, Morang**
**Koshi Province**

## Invitation For Bid

**Published Date: 2083/06/05 (21St Of Sept. 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites bids (Hard Copy) from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

